## राप्ती सोनारी गाउँपालिकाको १३औं गाउँसभाबाट पारित आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्षज्यु, सभासदस्यज्युहरु, दिदीबहिनी तथा दाजुभाईहरु**

राजनैतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन लगायतका आन्दोलनमा आफ्नो जीवन आहुती गर्नुहुने शहिदहरुप्रति सम्मानका साथै हार्दिक श्रद्धान्जली तथा यस क्रममा भएका घाइते, अपाङ्ग शहिद परिवार, वेपत्ता नागरिक र तीनका परिवार प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । स्थानीय निर्वाचन २०७९ पश्चात दोस्रो पटक यस गाउँपालिकाको बजेट प्रस्तुत गर्न गइरहेकी छु । देशकै ठुला गाउँपालिका मध्यको एक यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्ने अवसरका लागि गौरव महशुस गरेकी छु। यस गाउँपालिकाको भौगोलिक विषमता, जातिय विविधता, राष्ट्रिय वन तथा निकुञ्ज क्षेत्र एवं पश्चिम राप्तीको विपद् समेतलाई दृष्टिगत गरी यो आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माण गरेकी छु । यस गाउँपालिकाका श्रद्धेय अध्यक्षले पेश गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमलाई मार्गदर्शन मान्दै आर्थिक वर्ष २०८०/८१ को आय-व्ययको विवरण सार्वजनिक गर्न चाहन्छु ।

**सर्वप्रथम,**

**म चालु आ. व. २०७९/०८० को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत उपलब्धी) प्रस्तुत गर्न चाहन्छुः**

### कृषि तथा पशुपंछी

यस चालु आ. व. मा कृषि विकास तर्फ धान प्रवर्धन कार्यक्रम १, मकै पकेट क्षेत्र २ वटा, धान पकेट क्षेत्र १ वटा, तरकारी व्लक कार्यक्रम १ वटा, मकै व्लक १ वटा, च्याउ पकेट १ वटा र पुष्प प्रर्वधन कार्यक्रम १ वटा सञ्चालन गरिएको छ । त्यसै गरी धानको वीउ १०६०क्वीनटल, गहुँको वीउ ४४२ क्वीन्टल, फल फुल विरुवा १२ हजार, च्याउको वीउ ८ हजार प्याकेट र तरकारीको वीउ ६ हजार प्याकेट वितरण गरिएको छ । मेशीनरी औजार तर्फ बोरिङ्ग ४० वटा, पम्पसेट २५ वटा, मोटर २०७ वटा, पावर टेलर २२एचपी १५ वटा, मिनी टेलर ७ वटा, स्प्रे ट्यांकी ५० वटा र इ-रिक्सा १ वटा वितरण गरिएको छ ।

पशु स्वास्थ्य सेवा तर्फ शिविर सञ्चालन ३ वटा (लाभान्वित घरधुरी १२३), उन्नत जातको बोका वितरण १९ वटा, च्याफकटर २० वटा, नयाँ फर्म दर्ता/सूचीकृत ४१, कृतिम गर्भाधान ११६ वटा भएका छन् ।

### सहकारी वित्तीय संस्था तथा गै. स. स.

यस आ. व. मा सहकारी शाखाको स्थापना भएको छ । सूचीकृत हुन आउने सहकारी संख्या ३७, वित्तीय संस्था १०, वीमा १, सामुदायिक वन २ रहेका छन् । रक्तदान कार्यक्रम १२० जनाले रक्तदान गर्नुका साथै सहकारी संजाल गठन भई समन्वय बैठक १ पटक बसीसकेको छ ।

**भूमि व्यवस्थापन**

यस गाउँपालिकामा १३०७५ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन गर्नुका साथै वडा नम्बर ३ को ५५० घर परिवार ६९० कित्ताको नाप जाँच कार्य सम्पन्न भएको छ।

**उद्यम विकास**

संघीय सरकारको उद्यमशीलता प्रवर्धन सम्बन्धी परियोजनाबाट नयाँ उद्यमी सृजना कार्यक्रमबाट ४७ जना, एडभान्स सिलाई कटाई १० जना, स्तरोन्नती कार्यक्रमबाट ५५ जना लाभान्वित (सिलाई कटाई २१ र कृषि तथा पशु सम्बन्धी तालिम ३४) भएका छन्।

**प्रधानमन्त्री रोजगार**

आ व २०८०/८१ का लागि २९६ जना वेरोजगार सूचीमा सूचीकृत भएका छन्। यस आ व मा ५ वटा आयोजना संचालनमा आएका छन्। रोजगार सेवा केन्द्रमा ३ जना जनशक्ति पदपूर्ति भएको छ।

**शिक्षा**

यस आ व मा १६ वटा कक्षा कोठा निर्माण, ICT Lab ३ वटा, पुस्तकालय ३ वटा, विज्ञान प्रयोगशाला २ वटा स्थापना भएका छन्। मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ११ वटा विद्यायलको मर्मत सम्भार, खानेपानी तथा फर्निचर व्यवस्थापन भएको छ। गाउँपालिकाको बजेटबाट ३३ विद्यालयको मर्मत सम्भार, खानेपानी तथा फर्निचर व्यवस्थापन भएको छ। बादी समुदायका ४० जना विद्यार्थीहरुलाई सम्पूर्ण खर्च व्यहोर्ने गरी छात्रवृत्ति उपलब्ध गराइएको छ। ४ वटा वालविकास केन्द्र ICT friendly बनाइएको छ। गाउँपालिका अनुदानमा २०६ जना शिक्षक कर्मचारी व्यवस्थापन गरिएको छ। विद्यालय समायोजन कार्य हाललाई ९ विद्यालयबाट शुरु गरिएको छ। स्थानीय पाठ्यक्रमको पाठ्य पुस्तक यस शैक्षिक सत्रबाट विद्यार्थीलाई उपलब्ध गराइएको छ। नमूना यूवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिएको छ।

**स्वास्थ्य**

यस आ व मा ओपिडी सेवा ३१५८६, ल्याव सेवा ४४२१, शिविर ९ वटा (जनरल ३ र पाठेघर ६), आँखा शिविर १० वटामा ३१० शल्यक्रिया सफल, सिकलसेल परीक्षण २१३९ जनाको भएको छ। उपचार आर्थिक सहयोग ९० जनालाई रु ५लाख ९३ हजार र दीर्घ रोगी ४१ जनालाई रु १२ लाख ६० हजार (संघ सरकार ६ महिना), ६९३ जना नयाँ आमालाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत रु ६० लाख वितरण गरिएको छ। यस अवधिमा मातृ मृत्यु संख्या ३ रहेको छ। स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टर भवन निर्माण २ वटा, शौचालय निर्माण १ र मर्मत २ वटा रहेका छन्। राप्ती सोनारी अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

**महिला, बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण**

स्थानीय बालक्लवलाई जीवन उपयोगी सीप तथा आत्मरक्षा सम्बन्धी तालिम- ३३ जना लाभान्वित, अपाङ्ग परिचय पत्र वितरण १०९ जना, गाउँपालिका स्तरीय अपाङ्ग सञ्जाल गठन र गाउँपालिका स्तरीय द्वन्द पीडित सञ्जाल गठन भएको,

अपाङ्गता भएका ९ जना व्यक्तिहरुलाई आधारभूत कम्प्यूटर तालिम सम्पन्न। महिला अधिकार, बालबालिका, अपाङ्गता भएका व्यक्ति, द्वन्द पीडित, जेष्ठ नागरिक सम्बन्धी विभिन्न दिवस कार्यक्रम सम्पन्न भएका छन्।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा**

यस आ. व. मा व्यक्तिगत घटना दर्ता वा पंजीकरण संख्या ४७२० रहेको छ। तेस्रो चौमासिकसम्ममा सामाजिक सुरक्षा भत्ता वितरणबाट १४२७४ जना लाभान्वित हुनका साथै रकम रु १३ करोड २५ लाख वितरण गरिएको छ।

**पूर्वाधार विकासः सडक, सिंचाई, खानेपानी, भवन तथा तटबन्ध निर्माण**

यस आ व मा गाउँपालिका भित्र कालो पत्रे सडक २८४३ मिटर, ग्राभेल सडक ८३७५ मिटर, PCC सडक १६६७ मिटर र नयाँ ट्र्याक ४२६२ मिटर निर्माण भएको छ। यसै गरी ४५५ खानेपानी धारा वितरण, ५ वटा चिलिङ्ग मेशीन जडान र पाइप लाइन विस्तार १०५०० मिटर भएको छ। तटबन्ध निर्माण २८० मिटर, ३ स्थानमा कलभर्ट निर्माण, ५ वटा भुयर थान तथा मन्दिर निर्माण, ८ वटा प्रतिक्षालय र चौतारा निर्माण, पक्की नाली ४४४० मिटर पक्की पर्खाल ६५५ मिटर र ह्युप पाइप ९७ थान जडान भएको छ। घर नक्सा पास (नयाँ १ र पुरानो अभिलेखीकरण २० वटा) भएका छन्।

**सुरक्षित नागरिक आवास**

२०७१ सालका २०३ जना बाढी पिडीतहरुलाई प्रति व्यक्ति रु. १,१५,३३५।- (एक लाख पन्द्र हजार तिन सय पैतिस) का दरले राहत उपलब्ध गराइएको छ। खरको छानो परिवर्तन गरी टिनको छाना निर्माणका लागि १०३ लाई रु. ५०,०००। (पचास हजार) का दरले रकम उपलब्ध गराइएको छ। आगामी आ व का लागि ४५० जनाको प्रक्रिया बढेको छ।

**विपद् व्यवस्थापन**

NDRRMA र यस गाउँपालिकाको सहकार्यमा स्थानीय विपद् पोर्टल सञ्चालनमा रहेको छ। वार्ड २ र ७ मा विपद् पूर्व सूचना प्रणाली ३ स्थानमा जोडिएको छ। विपद् पूर्व कार्य तथा पूर्व तयारीका लागि ५ वटा अभ्यास कार्यक्रम सम्पन्न भएका छन्। १८९ जना विपद् पिडीतहरुलाई रु. ९,६८,४००।- (नौ लाख अरसठ्ठी हजार चार सय मात्र) बरावरको राहत वितरण गरिएको छ। कारितास नेपाल र SDF बाँकेको सहयोगमा GIS सहितको Digital घरधुरी सर्वेक्षण कार्य जारी रहेको छ। स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक भई कार्यान्वयनमा रहेको छ।

**उर्जा विकास**

यस आ. व. मा विद्युतीय तार लाइन ४८०० मि. विस्तार र पोल ४६ खरिद भएको छ। एक विद्यालय र सशस्त्र प्रहरीलाई सोलार प्यालन थान २ उपलब्ध गराईएको छ। सामुदायिक वनसंगको साझेदारीमा अति विपन्न २५० घरधुरीलाई विद्युतीय चुलो वितरण गरिएको छ।

**सुशासन, संस्थागत विकास तथा बैठक व्यवस्थापन**

तालिम तथा अभिमुखीकरण ३, जनशक्ति परिचालन २३६, श्रोत व्यवस्थापन र राजस्व परिचालन रु. ४,५३,४३,२०१।–(चार करोड त्रिपन्न लाख त्रिचालिस हजार दुई सय एक मात्र) , योजना अनुगमन ११३, कार्यगाउँपालिका तथा गाउँसभा बैठक संख्या १८+३, समिति बैठक संख्या १४, विविध बैठक संख्या १९, न्यायिक समितिका काम कारवाही (१७ बैठक, मुद्दा २५ मध्य फर्छयौट १४ चालु ९ जिल्ला अदालतमा २ पठाएको, मेलमिलाप केन्द्र गठन ८ वटा, मेलमिलापकर्तालाई क्षमता अभिवृद्दि तालिम सम्पन्न), आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण (वेरुजुः नियमित गर्नु पर्ने २५ करोड ८४ लाख १९ हजार, असुल गर्नु पर्ने ५ करोड ९५ लाख र पेश्की वेरुजु ३ करोड २८ लाख ५२ हजार), जिन्सी व्यवस्थापनमा PAMS लागु भएको ।

**सूचना प्रविधिः**

यस आ. व. बाट गुनासो एप सञ्चालनमा ल्याइएको छ । अगैया बजारमा नयाँ सिसि टि भि २ वटा जोडिएको छ । कार्यपालिका बैठकलाई प्रत्यक्ष प्रशारण गर्न शुरु गरिएको छ । कार्यलयमा नयाँ नेटवर्किङ्ग प्रणाली जडान गरिएको छ भने ई हाजिरीलाई अनिवार्य गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, आदरणीय दिदीबहिनी तथा दाजुभाईहरु**

**अब म आ. व. २०८०/०८१ को बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छुः**

(क) **सोचः** “समृद्ध राप्ती सोनारीको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार”

(ख) **लक्ष्यः** पालिकावासीको रोजगारी, आय तथा जीवनस्तरमा गुणात्मक र दीगो सुधार गर्नु ।

**(ग) उद्देश्यः**

(१) कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।

(२) समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।

(३) स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने ।

(४) वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने ।

(५) सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत पालिकावासीलाई सुशासनको प्रत्याभूति गराउने ।

(६) लोककल्याणकारी भुमिकालाई सुदृढ वनाई सामाजिक सुरक्षा र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने ।

(७) विपद् पूर्व कार्य, पूर्व तयारी, राहत, उद्दार र पुनर्स्थापना कार्यलाई प्राथमिकता दिई नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**(घ) अपेक्षित उपलब्धीहरुः**

(१) कृषि तथा पशुपंछीका क्षेत्रमा आत्मनिर्भरता वृद्दि भई कृषि क्षेत्रमा रोजगारीको श्रृजना हुनेछ ।

(२) सतप्रतिशन भर्नादर कायम, विद्यालय शिक्षामा सबैको पहुँन वृद्दि हुनेछ ।

(३) स्वास्थ्य सेवालाई आम नागरिक समक्ष पुग्नुका साथै राप्ती सोनारी अस्पतालको सेवालाई वृद्दि हुनेछ ।

(४) महिला बालबालिका जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति मुक्त कम्लहरी दलित तथा सामाजिक बञ्चितिकरणमा परेका नागरिकलाई सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण हुनेछ ।

(५) गुणस्तरीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।

(६) सामुदायिक वन तथा सहकारीको सहकार्यमा साना तथा घरेलु उद्योगको स्थापना हुनेछ ।

(७) नागरिकमैत्री प्रशासनको स्थापना भई वडा तथा शाखाबाट छरितो सेवाप्रवाह हुनेछ ।

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यू, दिदीबहिनी तथा दाजुभाइहरु,**

अब म आगामी आ.व.को बजेट तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले अपनाएका आधारहरु यहाँ प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान वजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिकाहरु, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको पन्धौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. गाउँपालिको आवधिक योजना २०७९-८४

ढ. गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

ण. गाउँपालिकाको भू उपयोग योजना, २०७९

त. गाउँपालिको कृषि रणनीतिक गुरुयोजना, २०८०

थ. राप्ती सोनारी गाउँपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

द. गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु

ध. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु ।

न. राप्ती सोनारी गाउँपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु ।

**मूख्य आयोजना कार्यक्रमहरुको विवरणः**

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, दिदीबहिनी तथा दाजुभाईहरु**

अब म आगामी आ.व. २०८०/८१ को कुल बजेट र सोको क्षेत्रगत वितरण प्रस्तुत गर्न अनुमति चाहान्छुः
आ.व.२०८०/८१ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न **चालु तर्फ रु. ६३ करोड ६ लाख २८ हजार र पूँजीगत तर्फ रु. १७ करोड ८५ लाख गरी कुल बजेट रु. ८० करोड ९१ लाख २८ हजार** विनियोजन गरिएको छ ।

**कृषि तथा पशुपंछी**

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई अर्थतन्त्रलाई गतिशील बनाईनेछ । कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरिनेछ । कृषि क्षेत्रलाई उद्योगको रुपमा स्थापित गरिनेछ । उत्पादन वढाउन कृषकलाई विभिन्न अनुदानका प्याकेजहरु ल्याईनेछ । कृषकलाई मल, बीउ, कृषि सामग्रीर सिंचाई मोटर वितरण गरिनेछ ।स्थानीय रैथाने जातका बीउ वेर्नाको जगेर्ना गरिनेछ । कृषकका उत्पादनको संकलन तथा भण्डारणको व्यवस्था मिलाईनेछ ।कृषि उत्पादन केन्द्र पकेट तोकि उत्पादनमा वृद्धि गरिनेछ । उन्नत विउ वालिको प्रयोगलाई बढावा दिईनेछ । वडा नं ८ मा शीत भण्डार निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।कृषि उत्पादनमा मूख्य भूमिका खेल्ने सिंचाईलाई संघ सरकार, प्रदेश सरकार र गाँउपालिकाको सहकार्यमा सिंचाई व्यवस्थापन कार्यलाई अगाडि बढाइनेछ । माटो परीक्षण प्रयोगशाला स्थापना कार्यलाई प्राथमिकता दिइनेछ । वडा नं ४ मा रहेको शीत भण्डार निर्माण कार्य यसै आ. व. मा सम्पन्न गरिनेछ ।
वडा नं. ४ मा भेटेरीनरी अस्पताल निर्माणका लागि प्रदेश सरकारसंग सहकार्य गरिनेछ । पशु स्वास्थ्य सेवालाई समुदायस्तरमा पुऱ्याउन कम्तीमा ४ वटा शिविर सञ्चालन गरिनेछ । पशुपालन कार्यलाई व्यवसायका रुपमा स्थापित गरी नागरिकको आयस्तरमा वृद्दि गरिनेछ । दुध तथा मासुमा यस पालिकालाई आत्मनिर्भर बनाई निकासी पैठारीलाई प्रवर्द्धन गरिनेछ । समग्र कृषि तथा पशुपंछी क्षेत्रका कार्यक्रम संचालन गर्न रु. २ करोड २० लाख विनियोजन गरिएकोछ ।

**सहकारी, वित्तीय तथा गै. स. स.**

यस गाँउपालिका भित्र रहेका सहकारीहरुको नियमन, क्षमता विकास र प्रणाली विकासका लागि रु. ३५ लाख विनियोजन गरेकी छु । युवा स्वरोजगार कोषसंग सहकार्य गरी सहकारीहरुलाई उद्यमी र व्यवसायिक बनाइनेछ ।

**भूमि व्यवस्था**

नेपाल सरकार भूमि आयोगको सहकार्यमा सञ्चालित भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन, जग्गा नापजाँच तथा जग्गाधनी पूर्जा वितरण कार्य यसै वर्ष सम्पन्न गरिनेछ । सो कार्यका लागि रु. ३० लाख विनियोजन गरेकी छु ।

**उद्यम विकास**

व्यावसायिक विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघुउद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गरिनेछ । संभाव्य उत्पादनको उत्पादकत्व र वजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तानान्तरण गरिनेछ ।

स्थानीय कच्चा पदार्थ र जनशक्तिको उपयोगबाट कम्तीमा एक दुना टपरी उद्योग स्थापना गर्ने पहल गरिनेछ । उद्यमीहरुको आवश्यकता पहिचानका आधारमा पुर्नताजगि र एडभान्स सिप विकास तालिम संचालन गर्न रु. ४२ लाख विनियोजन गरिएकोछ ।

**पर्यटन विकास तथा संस्कृति प्रवर्धन**

यस गाँउपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्धन गरी दीगो पर्यटनका माध्यमबाट नागरिको आयस्तरमा वृद्दि गर्ने रणनीति अख्तियार गरिनेछ । पर्यटकीय पूर्वाधार सुधार, होमस्टे प्रवर्धन तथा होटेल व्यवसायीलाई तालिमको व्यवस्था गरिनेछ । धर्म संस्कृतिलाई पर्यटन क्षेत्रको विकाससंग जोड्दै आर्थिक क्षेत्रलाई गतिशिल बनाईनेछ । यसका लागि रु. ५६ लाख विनियोजन गरिएकोछ ।

**शिक्षा**

शिक्षा पाउनु सवै वालवालिकाहरुको अधिकार हो । गुणस्तर शिक्षामा सहज पहुंच, टिकाउपना र निर्धारित सिकाई सक्षमता हासिल गर्न र गुणस्तरीय शिक्षामा सवै वालवालिकाहरुको पहुँच सुनिश्चित गर्न  शिक्षाका समग्र कार्यक्रमहरु संचालन गर्न कुल रु. ३५ करोड ९ लाख ३० हजार विनियोजन गरिएकोछ ।

**स्वास्थ्य**

आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्न, प्रयोगशाला सेवालाई विस्तार र गुणस्तरीय बनाउन, औषधी खरिद गर्न, विभिन्न प्रकारका शिवरि सञ्चालन गर्न, नागरिक आरोग्य केन्द्रको सेवालाई विस्तार र व्यवस्थित गर्न तथा स्वास्थ्य संस्थाहरुको निर्माण र मर्मत सम्भारका लागि रु. ७ करोड ३९ लाख १७ हजार विनियोजन गरिएको छ।

**खानेपानी**

स्वच्छ र सफा पानी पिउन पाउनु नागरिकको संबैधानिक अधिकार हो । गाँउपालिका भित्र निर्माणाधिन र सञ्चालित खानेपानी आयोजनाहरुसंग सहकार्य गर्न तथा गरीव एवं सीमान्तकृत नागरिकलाई धारा वितरणका लागि रु. १५ लाख विनियोजन गरिएको छ ।

**महिला, बालबालिका तथा समाज कल्याण**

महिला वालवालिका अपांगता भएका व्यक्ति जेष्ठ नागरिक तथा यौनिक तथा लैगिंक अल्पसंख्यकको तथ्याकं संकलन तथा अध्यावधिक गरिनेछ । यि वर्ग र क्षेत्रका व्यक्तिहरुको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर वनाईनेछ । जेष्ठ नागरिकलाई सम्मानका कार्यक्रमहरु संचालन गरिनेछ र वहाहरुको ज्ञान सिप र कौशलताको यथोचित प्रयोग गरिनेछ । समाजमा रहेका कुरिति कुप्रथा लैगिक हिंसा मानव बेच बिखन तथा ओसारपसार विरुद्ध सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ । महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढिकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापना र संचालन गरिनेछ । यस पालिका अन्तर्गत एक लैगिंक हिंसा निवारण कोष स्थापना गरी आवश्यक रकम जम्मा गरिनेछ । उपर्युक्त कार्यक्रमहरु संचालन गर्न रु. ४२ लाख विनियोजन गरिएकोछ ।

## पूर्वाधार विकास

यस पालिका अन्तर्गत ९ वटै वडाको सन्तुलित विकासका लागि जनताको आवश्कता माग र चाहाना परिपुर्तिका लागि वडातर्फ रु. ६ करोड ८८ लाख ५० हजार र पालिका तर्फ रु. ७ करोड ५६ लाख ५० हजार, समपुरक कोष तर्फ रु. ३ करोड ४० लाख गरी जम्मा रु. १७ करोड ८५ लाख विनियोजन गरिएको छ । यसबाट सवै समुदायको आधारभुत आवश्यकता पुरा हुने अपेक्षा लिईएको छ । विकास निर्माणका कार्यमा जनताको प्रत्यक्ष सहभागिता हुन गै विकासको प्रतिफलमा समन्यायिक पहुच हुनेछ र यसवाटसम्पन्न आयोजनाहरुप्रति अपन्वत्व कायम हुन गई आयोजनाको दिगोपना सुनिश्चत भएको हुनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

राप्ती सोनारी गाउँपालिका वर्षायाममा वाढीको उच्च जोखिममा रहने र यसको प्रत्यक्ष असर राप्ती किनाराका वस्तीमा पर्न जाने भएकाले तटवन्धन वृक्षारोपण नदी च्यानलाईज जस्ता रोकथाम तथा राहात उद्धारका कार्यक्रम संचालन गरिनेछन । वाढीको क्षेति न्युनिकरण गर्न र यस स्थायी समाधानका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरी तटवन्धनका लागि स्रोत पहिचान गरी परिचालन गरिनेछ । यसरी समग्र विपद व्यवस्थापनका लागि रु. १ करोड विनियोजन गरिएको छ ।

## वैकल्पिक ऊर्जा

स्वस्थ नागरिक समृद्धिको आधार भन्ने अवधारणालाई साकार रुप दिन जनताको दैनिक जीवनमा प्रयोग हुने परम्परागत चुल्हो काठ दाउरावाट खाना पकाउने अवस्थावाट मुक्त गर्न सुधारिएको चुल्हो वायोमास प्रविधि जडान सौर्य उर्जा प्रविधि जडान वायोग्यास जडान गरी आधुनिक उन्नत प्रविधि प्रयोगमा ल्याईनेछ । यसका लागि रु. ८ लाख विनियोजन गरिएकोछ ।

## सुशासन तथा संस्थागत विकास

**म भ्रष्टाचार गर्दिन, हुन पनि दिन्न** भन्ने नारालाई सार्थक रुप दिन सेवाग्रहीमैत्री वातावरण सृजना गरी जनताको घरदैलोमा सेवा प्रदान गरीनेछ । गाउँपालिकावाट सम्पादन हुने हरेक क्रियाकलापलाई पारदर्शि वनाईनेछन । भ्रष्टाचार नियन्त्रण पारदर्शिता शुसासनका माध्यमवाट विकास निर्माणका कार्यहरुमा जनताको अधिकाधिक सहभागिता प्रर्वद्धन गरिनेछ । सेवा प्रवाहका लागि चुस्त र संक्षम प्रशासनिक संयन्त्रको आवश्यकता पर्न जान्छ । सेवा प्रवाहकाको नया प्रविधि तथा अवधारणासंग परिचित गराउन कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका तालिम संचालन गरिनेछन । कर्मचारीको मनोवल उच्च राख्दै जनताको सेवककोरुपमा रहन उत्प्रेरित गरिनुका साथै प्रोत्साहानका कार्यक्रमहरु संचालन गरिनेछन । उपर्युक्त क्रियाकलापका अतिरिक्त कर्मचारीको तलव भत्ता प्रशासनिक खर्च लगायतका लागि रु. १३ करोड २३ लाख ७४ हजार विनियोजन गरीएकोछ ।

## न्यायिक समिति तथा मेलमिलाप केन्द्र स्थापना

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको काम कारवाहीलाई व्यवस्थित नागरिकमैत्री तथा सूचना प्रविधियुक्त बनाई न्यायिक निरोपण कार्यलाई छरितो र चुस्त बनाइनेछ । मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम कर्मचारीको क्षमता वृद्दि तालिम तथा समग्र प्रशासनिक खर्च लगायतका लागि रु. १५ लाख विनियोजन गरिएको छ ।

**सूचना प्रविधिको विकास र विस्तार**

सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी गुणस्तरीय भरपर्दो र विश्वसनीय बनाउन सूचना प्रविधिको उपयोग अधिकतम गरिनेछ। गाँउपालिका भवन वडा भवन स्वास्थ्य सेवा केन्द्र भवन तथा सार्वजनिक स्थानहरुमा सिसि क्यामेरा जडान गरिनेछ। ई हाजिरीलाई सम्मूर्ण कार्यलयहरुमा अनिवार्य गरिनेछ। यसका लागि रु ३५ लाख विनियोजन गरिएको छ।

**समपुरक कोष**

संघ र प्रदेश सरकारको साझेदारीमा समुदायस्तरमा आवश्कता पहिचान गरी प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु संचालन गर्न रु. १ करोड ७० लाख विनियोजन गरिएको छ। यसवाट आ.व.२०८०/८१ भित्र वडा नं २ को कचनापुर सडक निर्माण हुन गै जनताको आवतजावतमा थप सुविधा हासिल हुनेछ।

**सभाध्यक्षज्यू, सभासदस्य ज्यूहरु तथा आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु**

अब म, संघीय तथा लुम्विनी प्रदेश सरकार र आन्तरीक श्रोतबाट प्राप्त अनुदानवाट कार्यान्वियन हुने आय र व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छुः

**अनुमानित आय र व्ययको श्रोत व्यवस्थापनः**

**आ.व. ०८०।०८१ को आय- विवरण**

| क्र.सं. | विवरण | अनुमानित रकम (रु. हजारमा) |
|---|---|---|
| १ | भूमि तथामालपोत कर | १२०० |
| २ | व्यवसाय कर | ६५० |
| ३ | अन्यदस्तुर (अन्य कर पनि समावेश) | ४५०० |
| ४ | अन्य सेवाशुल्क | ३५० |
| ५ | घर बहाल कर | ५०० |
| ६ | दण्डजरिवाना तर्फ | ५० |
| ७ | नाताप्रमाणित | २०० |
| ८ | व्यक्तिगतघटना दर्ता म्याद नाघेको | १०० |
| ९ | सिफारिसदस्तुर | २५०० |
| १० | मालपोतकार्यालयबाट | ४९५० |
| ११ | नदीजन्यपदार्थको आय | ३५००० |
| जम्मा | | ५०००० |
| प्रदेशतथा संघबाट प्राप्त अनुदान | | |

| क्र.सं. | विवरण | अनुमानित रकम (रु. हजारमा) |
|---|---|---|
| १२ | नेपालसरकार वित्तीय समानीकरण अनुदान | १५६३०० |
| १३ | नेपालसरकार बाट प्राप्त राजश्व बाडफाँड | १७८४०५ |
| १४ | प्रदेशसरकार वित्तीय समानीकरण अनुदान | ११८५३ |
| १५ | प्रदेशसरकार बाट प्राप्त राजश्व बाडफाँड | १८९४८ |
| १६ | शसर्तअनुदान- संघ | ३५४०७२ |
| १७ | समपुरकअनुदान- संघ | ७००० |
| १८ | विषेशअनुदान- संघ | ११५०० |
| १९ | शसर्तअनुदान- प्रदेश | ११०५० |
| २० | समपुरक-प्रदेश | १०००० |
| २१ | विषेशअनुदान- प्रदेश | ० |
| जम्मा | | ७५९१२८ |
| कूल जम्मा | | ८०९१२८ |
| **आ.व. ०८०।०८१ को व्यय विवरण** | | |
| १ | पूर्वाधार | १७८५०० |
| २ | आर्थिकविकास | ३७७०२४ |
| ३ | सामाजिकविकास | १११२३० |
| ४ | संस्थागतविकास र सुशासन | १३२३७४ |
| ५ | वातावरणतथा विपद व्यबस्थापन | १०००० |
| जम्मा रु | | ८०९१२८ |
| | शाखागत | |
| १ | शिक्षा | ६५९३० |
| २ | स्वास्थ्य | ३३५०० |
| ३ | कृषि | १०३४२ |
| ४ | पशु | ८९०० |
| ५ | महिला | ३८०० |
| ६ | खानेपानी | १५०० |
| ७ | सहकारी/संघस्स्था | १५०० |
| ८ | वन तथा वातावरण | २००० |

| क्र.सं. | विवरण | अनुमानित रकम (रु. हजारमा) |
|---|---|---|
| ९ | विपद | ८००० |
| १० | भूमि व्यवस्थापन | ३००० |
| ११ | रोजगार सेवा केन्द्र औजार खरिद | ५०० |
| १२ | स्वास्थ्य उपचार कोष | १००० |
| १३ | सामाजिक विकास प्रवर्द्धन कोष | २५०० |
| १४ | मर्मत संभार कोष | १५०० |
| १५ | गा.पा.स्तर | २५४०० |
| १६ | उपाध्यक्ष कार्यक्रम | ३२१० |
| १७ | कार्यालय सञ्चालन | १३२३७४ |
| १८ | वडागत | ७६५०० |
| १९ | भुक्तानी बाँकी परियोजना | ० |
| २० | क्रमागत योजना | १५०५० |
| २१ | समपुरक आयोजनाहरु | १९००० |
| २२ | सशर्तअनुदान- संघ | ३५४०७२ |
| २३ | समपुरक अनुदान- संघ | ७००० |
| २४ | विषेश अनुदान- संघ | ११५०० |
| २५ | सशर्तअनुदान- प्रदेश | ११०५० |
| २६ | समपुरक-प्रदेश | १०००० |
| २७ | विशेषअनुदान- प्रदेश | ० |
| जम्मा रु | | ८०९११२८ |

**आदरणीय सभाध्यक्षज्यु, सभासदस्यज्युहरु, दिदीबहिनी तथा दाजुभाइहरु**

मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट को कार्यान्वयनबाट आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन प्रवर्धन भई नागरिकको सरकार प्रतिको भरोसा र विश्वास स्थापना हुनेमा ठोस योगदान पुग्ने अपेक्षा गरेकी छु।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमाको क्रममा उपयोगी राय सल्लाह सुझाव प्रदान गर्नु हुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, नेपाल उद्योग

बाणिज्य महासंघ, घरेलु महासंघ, बैंक/वित्तीय/सहकारीकर्मीहरु, निर्माण व्यवसायी, होटेल व्यवसायी, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी उपभोक्ता समूह, बाल सञ्जाल/युवा सञ्जाल/आमा समूह/स्वास्थ्य स्वयं सेविका, विद्यालय व्यवस्थापन समिति, सामुदायिक क्याम्पस, वडघर तथा गुरुवा, पत्रकार, शिक्षक, कर्मचारी, निजी क्षेत्र लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने सबै करदाता र कठिन अवस्थामा पनि हामीलाई निरन्तर सहयोग गर्ने गै.स.स. र साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गरेकी छु।

अन्त्यमा,

वर्षायामको बाढीबाट सुरक्षित रहदै यस गाउँपालिकाको विकासको अभियानमा सहभागी हुन सम्पूर्ण राप्ती सोनारी निवासी दाजु भाई तथा दिदीबहिनीहरुलाई हार्दिक आह्वान गर्दछु।

धन्यवाद!

मनिषा सिंह थारु

उपाध्यक्ष

**मिति २०८० असार १० गते**